दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
**सुपर काइनेटिक कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ७५ | बुटवल | २०८२ चैत ०१ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday March 15, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# दुईपटकको आगलागीले राजुको सपना चकनाचुर




आचार्य प्रदीप

*बुटवल*

बुटवल-४ संगमपथको व्यस्त बजारमा रहेको न्यू गुल्मेली रेसुङ्गा ट्रेडर्स, शुक्रबार साँझ एकाएक धुवाँले ढाकियो । केही मिनेटमै गोदामतर्फबाट सल्किएको आगोले जुत्ता-चप्पलको थोक पसललाई समातेपछि स्थानीय व्यापारी र बासिन्दा त्रसित भए । साँझ करिब ७ः३० बजे सुरु भएको आगलागीले पसलभित्र राखिएका सयौँ जोडी जुत्ता-चप्पल, गोदामका सामग्री र व्यवसायीको वर्षौंको मेहनतलाई क्षणभरमै चकनाचूर बनायो ।

बुटवलका राजु श्रेष्ठले सञ्चालन गर्दै आएको उक्त पसलमा लागेको आगो नियन्त्रणमा लिन बुटवल उप-महानगरपालिका र तिलोत्तमा नगरपालिकाका दमकल घटनास्थलमा पुगेका थिए । प्रहरी र स्थानीयवासीको सक्रियतामा आगो केही समयमै नियन्त्रणमा आए पनि पसल र गोदाममा ठूलो क्षति पुगेको छ । प्रारम्भिक अनुमान अनुसार आगलागीबाट एक करोड रुपैयाँभन्दा बढीको क्षति भएको हुन सक्ने बताइएको छ ।

**गोदामबाट सुरु भयो आगो**

आगलागीपछि घटनास्थलमा पुगेका सुरक्षाकर्मीले मुचुल्का उठाएका छन् । प्रारम्भिक जानकारी अनुसार आगो पसलको पछाडितर्फ रहेको गोदामबाट सल्किएको देखिएको छ ।

श्रेष्ठकी श्रीमती जमुना शर्मा भन्छिन्-“अहिलेलाई करिब एक करोड जति क्षति भएको अनुमान छ । आगो गोदामसम्म पुगेछ । अगाडिको भाग धेरै नजले पनि धुवाँ र पानीले सामान बिग्रेर काम नलाग्ने भएका छन् ।”

आगलागी नियन्त्रणका क्रममा प्रयोग गरिएको पानीले पनि धेरै जुत्ता-चप्पल बिग्रिएको उनले बताइन् । पसलका धेरै सामान धुवाँ र भिजाइका कारण प्रयोग गर्न नसकिने अवस्थामा पुगेका छन् ।

प्रहरीको अनुसन्धान जारी

इलाका प्रहरी कार्यालय बुटवलका अनुसार आगलागीबाट भएको वास्तविक क्षतिको विवरण संकलन गर्ने काम भइरहेको छ । आगलागीको कारणबारे पनि अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी निशान्त श्रीवस्तवले जानकारी दिए । “अहिलेसम्म अनुमान मात्रै हो,” उनले भने-“डकुमेन्ट आएपछि मात्र वास्तविक क्षति थाहा हुन्छ। मुचुल्कामा प्रहरीले पनि रकम उल्लेख गरेको छैन ।”

**बिमा कम, क्षति ठूलो**

आगलागीले व्यवसायमा ठूलो धक्का दिएको अर्को कारण पर्याप्त बिमा नहुनु पनि हो । श्रेष्ठका अनुसार पसलमा गरिएको बिमा जम्मा ५० लाख रुपैयाँको मात्रै थियो । “बिमा ५० लाखको मात्रै थियो । संरचनाको बिमा गरिएको थिएन ।”- श्रेष्ठले भने । क्षतिको अनुमान करोड नाघ्ने देखिएकाले बिमाले सबै घाटा पूर्ति गर्न नसक्ने सम्भावना छ ।

**विगतको पीडा फेरि दोहोरियो**

श्रेष्ठको पसलमा लागेको यो आगलागी पहिलो भने होइन । केही वर्षअघि पनि उनको पसलमा आगो लागेको थियो । त्यतिबेला छेउको पसलबाट सर्किट सर्ट भएर आगो सल्किएको थियो ।

शर्मा सम्झिन्छिन्-“लकडाउनभन्दा केही अगाडि पनि आगलागी भएको थियो । त्यतिबेला अर्को पसलबाट सर्ट भएर सल्किएको थियो । बिचमा प्लाइउडको पार्टिसन मात्रै थियो ।”

त्यसपछि सुरक्षाका लागि पर्खाल बनाइए पनि अहिलेको आगलागी भने गोदामबाट सुरु भएको देखिएको छ ।

**विदेशबाट फर्किएर व्यवसाय सम्हाल्दै**

४१ वर्षीय श्रेष्ठको जीवनयात्रा पनि उतारचढावले भरिएको छ । केही समयअघि उनी विदेशमा व्यवसायिक अवसर खोज्दै गएका थिए । पछिल्लो समय भारतमा रहेका उनी त्यसअघि मौरिससमा होटल व्यवसाय सुरु गर्ने प्रयासमा थिए ।

“म पोहोर साल मौरिससमा होटल खोल्न गएको थिएँ । अहिले एक वर्षपछि फर्किएको हुँ ।”- उनले भने ।

तर स्वदेश फर्केर व्यवसायलाई व्यवस्थित बनाउने प्रयास गरिरहेका बेला आएको आगलागीले उनको सपना चकनाचूर भएर फेरि चुनौतीको सामुन्ने उभ्याएको छ ।

श्रेष्ठ दुई सन्तानका पिता हुन् । उनकी छोरी कक्षा १० मा पढ्छिन् भने छोरा भर्खर दुई वर्षको छन् । परिवारको जिम्मेवारीसँगै व्यवसायलाई पुनः उठाउने चुनौती अहिले उनको काँधमा छ ।

एकातिर पसलको क्षति, अर्कोतिर परिवारको भविष्य–यी दुवैको चिन्ताबिच पनि उनी र उनी पत्नी हार मानेका छैनन् ।

आगलागीले पसलका सामान मात्र होइन, वर्षौंको मेहनतलाई पनि ठूलो धक्का दिएको छ । तर राजु श्रेष्ठ अझै पनि एउटै आशामा छन्-“सबै गुमे पनि फेरि सुरु गर्न सकिन्छ ।”

## युएईमा साइबर अपराधमा नेपालीसहित १० पक्राउ



बुटवल । मध्यपूर्वमा जारी युद्धबारे एआईको दुरुपयोग गरी भ्रामक सूचना फैलाएको भन्दै युएईमा एक नेपालीसहित १० जना पक्राउ परेका छन् ।

गल्फन्युजमा सार्वजनिक समाचारअनुसार एक नेपालीसहित १० जनाको आँखा छोपिएको अवस्थामा तस्विर पनि सार्वजनिक छन् । तर, अन्य परिचय भने खुलाइएको छैन ।

युएईका महान्यायाधिवक्ता हमाद सैफ अल शम्सीले सामाजिक सञ्जालमा झुटा र भ्रामक भिडिओ क्लिप सार्वजनिक गरेको आरोपमा ती १० जनालाई पक्राउ गर्न आदेश दिएका हुन् । अनुसन्धानपछि पक्राउ परेका अभियुक्तलाई द्रुत सुनुवाइका लागि अदालतमा पेश गरिएको त्यहाँको प्रहरीलाई उधृत गर्दै गल्फन्युजले जनाएको छ ।

डिजिटल प्लेटफर्ममा निरन्तर निगरानीका क्रममा ती व्यक्तिहरूले मध्यपूर्वको क्षेत्रीय घटनाक्रमको फाइदा उठाउँदै जनतालाई भ्रमित पार्ने र राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था तथा स्थिरता कमजोर बनाउने उद्देश्यले भ्रामक सामग्री प्रसार गरेको पाइएको बताइएको छ ।

ती व्यक्ति प्रसार गरेका सामग्रीमा एयर डिफेन्स सिस्टमले गरेको प्रतिरक्षाका वास्तविक दृश्य, मानिसका भीडजस्ता दृश्य पनि भेटिएको अधिकारीहरूले जनाएका छन् । यस्तै कतिपय एआईको दुरुपयोग गरेर बनाएका नक्कली भिडिओसमेत सामेल भएको भनिएको छ ।

जसमा युएईका विभिन्न स्थानमा ठुला विस्फोट, प्रमुख स्थलहरूमा आक्रमण र भीषण आगलागी जस्ता भ्रामक दृश्य देखाइएको भनिएको छ ।

## एमाले र श्रम संस्कृति पार्टीबाट को–को भए समानुपातिक सांसद ?

बुटवल । नेकपा एमालेले समानुपातिकतर्फ चयन हुने १६ जना सांसदको नाम टुंगो लगाएको छ ।

शनिबार पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवास गुण्डुमा बसेको सचिवालय बैठकले १६ जनाको नाम निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको उप-महासचिव लेखराज भट्टले जानकारी दिए ।

जनजातिमहिलातर्फ भूमिका सुब्बा र गंगादेवी श्रेष्ठ तथा पुरुषतर्फ रामबहादुर थापा मगर र कुलभक्त शाक्य सांसदको सूचीमा परेका छन् ।

खस आर्य महिलामा पद्मा अर्याल, टुकाभद्रा हमाल र एशुदाकुमारी बराल (पिछडिएको क्षेत्र) तथा खस आर्य पुरुषतर्फ गुरुप्रसाद बराल र पुष्पराज कंडेलसांसदको सूचिमा परेका छन् । यस्तै थारु क्लस्टरबाट कृपाराम रानाथारु, दलितमा विष्णुमाया वी.के.,नीता घतानी, मधेसीमा रिङ्ला यादव, यशोधाकुमारी यादव र मधेसी पुरुषमा चन्द्रेश्वर मण्डल तथा मुस्लिममा साजिदा सिद्दीकी सांसदको सूचीमा परेका छन् ।

यस्तै श्रम संस्कृति पार्टीले पनि समानुपातिक सांसदको नाम टुङ्ग्याएको छ । फागुन २१ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट श्रम संस्कृति पार्टीले समानुपातिक तर्फ ४ जना सांसद पाउने गरि मत पाएको छ ।

सो पार्टीले समानुपातिकतर्फ ३ लाख ८५ हजार ९०२ मत पाएको छ । सो मतका आधारमा सो पार्टीले ४ जना समानुपातिकतर्फका सांसद पठाउन पाउने छ । चार जना सांसद पाउने भएपछि हर्क साम्पाङ नेतृत्वको पार्टी आन्तरिक विवादमा फसेको थियो ।

विवादका बिचमा समानुपातिक सांसदहरूको टुङ्गो लागेको श्रम संस्कृति पार्टीका केन्द्रीय कोषाध्यक्ष समिता राईले जानकारी दिइन् । उनका अनुसार सो पार्टीले आदिवासी महिलाबाट हेटौंडाकी मन्दिरा मोक्तान, खस आर्य महिलाबाट अम्बिका सङ्ग्रौला, दलित कोटाबाट सुर्खेतकी राधिका रम्तेल र आदिवासी जनजातिबाट पूर्व गोर्खा लाहुरे पूर्ण लिम्बूलाई समानुपातिक सांसदका लागि सिफारिस गर्ने गरी टुङ्गो लागेको छ ।

» *बाँकी ३ पेजमा*

## राजीनामा नदिन गगनलाई ३० नेताको सुझाव



बुटवल । नेपाली कांग्रेसका करिब ३० बढी केन्द्रीय सदस्यहरूले सभापति गगन थापालाई राजीनामा नदिने सुझाएका छन् । शनिबार बिहान बालुवाटारमा सभापति थापासँग भेटेका नेताहरूले थापालाई राजीनामा विकल्प नभएको बताएका हुन् ।

थापालाई भेट्न सहमहामन्त्री प्रकाश रसाइली ‘स्नेही’, मधु आचार्य, अजयबाबु शिवाकोटी, प्रमोद गुरागाईंलगायत नेताहरू पुगेका थिए ।

भेटमा पछिल्ला समसामयिक घटनाक्रम, चुनावी समीक्षालगायतको विषयमा कुराकानी भएको केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले बताए । उनले सभापति थापालाई अहिले राजीनामा दिएर कुनै निकास ननिस्कने भन्दै नदिन आफूहरूले भनेको समेत जनाए ।

उनले भने-‘अहिले कांग्रेसलाई सम्हालेर लैजानुपर्ने बेलामा राजीनामा दिन उपयुक्त हुँदैन भनेर हामीले भन्दै आएका थियौं । आज हामीले उहाँसँगको भेटमा पनि त्यही कुरा राखेका हौं ।’

प्रतिनिधिसभाको चुनावमा कांग्रेसको लज्जास्पद हार भएपछि सभापति थापाले राजीनामा दिने बताएका थिए । तर उपसभापति विश्वप्रकाश शर्माले हतार नगर्न आग्रह गरेपछि अहिले रोकिएका छन् । चुनावी समीक्षाको लागि चाँडै केन्द्रीय समिति बैठक बोलाउने कांग्रेसको तयारी छ ।

## पहिरोबाट विस्थापित ६ परिवारले पाए नयाँ घर



कृष्ण पोखरेल

*पाल्पा*

गत वर्षको वर्षातमा पहिरोबाट विस्थापित भएका तिनाउ गाउँपालिका वडा नं. -४ बौरीडाँडाका ६ घरपरिवारले नयाँ घर पाएका छन् । पहिरोको कारण गत वर्षातदेखि घरवारविहीन भएका ६ घरपरिवारलाई तिनाउ गाउँपालिका पाल्पाले प्रदेश र केन्द्र सरकारको सहयोगमा नयाँ घर निर्माण गरिदिएको हो ।

गत वर्षको मनसुनमा पहिरोले घर बस्नै नमिल्ने भएपछि पविसरा आलेसहित हुमबहादुर गाहा, तुलबहादुर गाहा, यामबहादुर दर्लामी, यानीसरा गाहा र कोपिला सरा रानाका परिवार घरबारविहीन बनेका थिए । वर्षायाम सुरु हुन लाग्दा गाउँपालिकाबाट नयाँ घर पाएका छौं, अब ढुक्कले आफ्नै घरमा बस्न पाएको र अहिले नयाँ घर पाउदा खुसी लागेको विस्थापित पविसरा आलले बताइन् ।

सुरक्षित घर निर्माणको लागि संघीय सरकार, लुम्बिनी प्रदेश सरकार र तिनाउ गाउँपालिकाको लागत साझेदारीमा प्रति परिवार ४ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको थियो । जोखिममा परेका घरपरिवारले घर निर्माणमा लाखौ रुपैयाँको जनश्रमदान गरेका छन् । जिल्ला विपद् व्यवस्थापन कोषको मापदण्डअनुसार प्राप्त उक्त रकम बाहेकको अतिरिक्त खर्च र श्रमदानमा घरधनी आफैं जुटेका थिए । लाभग्राही तुलबहादुर गाहाका अनुसार सरकारले हामीलाई घर बनाउन सहयोग गऱ्यो, हामीलाई केही रकम पनि उपलब्ध गरायो, सरकारी सहयोगमा आधाभन्दा हामीले नै थपेर घर बनाउन सफल भएका छौं ।

गाउँपालिकाले आवास निर्माणका लागि लाभग्राही छनौट गर्दा प्रहरी मुचुल्का, वडाको सिफारिस र वास्तविक विपन्नतालाई आधार बनाएर सहयोग गरेको छ । स्थानीय सरकार नागरिकको सुख-दुःखको घर दैलोको सरकार भएको तिनाउ गाउँपालिकाका कोही पनि नागरिक घरवासविहीन भएर बस्न नपरोस् भनेर पालिकाले सुरक्षित आवास अभियान सुरु गरेको गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए ।

» *बाँकी ३ पेजमा*



# सम्पादकीय

## इनिशा हत्याको अनुसन्धानमा गम्भीर बन्

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका- १ की १६ वर्षीया इनिशा विकको शव एक सातादेखि कर्णाली प्रदेश अस्पतालको शवगृहमा अलपत्र छ। वीरेन्द्रनगर-४ को जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी इनिशाको मृत्यु पोस्टमार्टम रिपोर्टमा शारीरिक सम्बन्धपछिको अत्याधिक रक्तस्रावले भएको उल्लेख छ । इनिशाको हत्यामा संलग्नलाई पक्राउ र कारबाही गर्न प्रहरीले सक्रियता नदेखाएको भन्दै पीडित परिवार, आफन्त र अधिकारकर्मीले सुर्खेत र काठमाडौंमा प्रदर्शन गरिरहेका छन् ।

प्रहरीले घटनास्थलबाटै १६ वर्षीय बालकलाई समेत नियन्त्रणमा लिएको छ। उनको बयानका आधारमा अरु तीन बालक पनि समातिएका छन् । समातिएका अरु तीन बालक घटनामा संलग्न हुन कि होइनन् भन्ने खुलेको छैन। घटनास्थलबाट पक्राउ परेका बालकले इनिशासँग शारीरिक सम्बन्ध राखेपछि अत्याधिक रक्तस्रावले अचेत भएको बयान दिएका छन् । उनले इनिशा अचेत भएर ढलेपछि आत्तिएर अन्य तीन जना साथीलाई फोन गरेर घटनास्थलमा बोलाएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

सुर्खेत प्रहरीले अनुसन्धान गरिरहेको बेला केन्द्रीय अनुसन्धान ब्यूरोको टोली अनुसन्धानको लागि सुर्खेत पुगेको छ। एउटी छोरीको ज्यान गुम्दा त्योभन्दा ठूलो पीडा बाबु आमालाई अरु हुन सक्तैन् । वीरेन्द्रनगर- ६ स्थित उषा बालबाटिका माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत इनिशा त्यसदिन प्रयोगात्मक कक्षा लिन भन्दै घरबाट निस्किएकी थिइन् । घटनापछि प्रहरीले विभिन्न स्थानबाट निकालेका सीसीटीभी फुटेजमा इनिशा र ती बालकसँगै हिँडेको र जंगलतर्फ गएको देखिन्छ। घटनास्थलबाट पक्राउ परेका बालकले अचनाक इनिशा बेहोस् भएपछि अन्य तीन जना साथीहरूलाई बोलाएको बयान दिएका छन् । पीडित परिवारले २५ फागुनमा पक्राउ परेका चारै जनाविरुद्ध कर्तव्य ज्यान र जबर्जस्ती करणीसम्बन्धी किटानी जाहेरी दर्ता गराएका थिए । प्रहरीले पीडित र पीडकका मोबाइललगायत विद्युतीय सामग्री, इनिशाको भ्याजाइनल स्वाबलगायतका प्राप्त प्रमाणहरू केन्द्रीय विधिविज्ञान प्रयोगशालामा टकसिकोजिकल, बायोसेरोलोजिकल परीक्षणका लागि पठाएको छ । त्यो रिर्पोट आएपछि मात्रै इनिशाको मृत्युको रहस्य खुल्ने प्रहरीको भनाइ तथ्यमा आधारित छ । कर्णाली प्रदेश प्रहरी कार्यालय नेपालगञ्जबाट पोलिग्राफ (झुट बोलेको पत्ता लगाउने मसिन) गर्ने टोलीले पनि अनुसन्धान गरिरहेको छ। पक्राउ परेका अभियुक्तले दिने बयान ठिक वा बेठिक पत्ता लगाउन यो प्रविधिले सघाउ पुऱ्याउने छ ।

यो घटनामा संलग्न अभियुक्त कानुनी कारबाहीको दायरामा नआउने हो भने अरु यस्ता अपराधिक घटना बढ्दै जाने सम्भावना उत्तिकै छ। अपराधीलाई कानुनी दायरामा ल्याउन प्रहरीले सुक्ष्म अनुसन्धान गर्नुपर्छ । प्रहरीको अहिलेसम्मको अनुसन्धानमा लापरबाही छैन । प्रहरीको अनुसन्धानलाई प्रभावित नपार्न आम नागरिकको सहयोगी भूमिका उत्तिकै आवश्यक छ । कञ्चनपुरकी निर्मला पन्तको हत्याका अभियुक्त कानुनी दायरामा आउन नसक्नुको कारण सामाजिक सञ्जालमा मनपरी टिप्पणी गरी घटनालाई अन्यत्र मोडेर समस्या श्रृजना भयो । सामाजिक सञ्जालमा तथ्यहिन सामग्री पस्केर समाजमा भ्रम श्रृजना गर्ने प्रवृत्ति मौलाएका बेला प्रहरीलाई तथ्यमा पुग्न कठिन हुन्छ। यो बेला संयमित हुँदै प्रहरी अनुसन्धानमा सघाउने हो । बरू प्रहरी अनुसन्धान सुक्ष्म ढंगले भएको छ कि छैन भनेर निगरानी राख्न सकिन्छ ।

# युवा रोजगारीको मार्गचित्र



सन्दीपकुमार साह

*रोजगारी सिर्जना गर्ने निजी क्षेत्रले हो । लगानीयोग्य वातावरणको अभाव र लगानीको असुरक्षाका कारण निजी क्षेत्रले दीर्घकालीन रूपमा थप लगानी गर्न हिच्किचाउँछ। जसले श्रम बजारमा थप चाप बढ्ने र अस्थिरता ल्याउने सम्भावना प्रबल हुन्छ। नेपालमा रोजगारीको अवस्था चुनौतीपूर्ण भए पनि रोजगारीका सम्भावना पनि उत्तिकै छन् । अब रोजगारी सिर्जना मुख्य एजेन्डा बन्नु पर्छ ।*



मुलुक अहिले सामाजिक, आर्थिक, राजनीतिक र प्रविधिको परिवर्तनको दौरानमा छ । आर्थिक विविधिकरण, प्रविधिको विस्तार र सामाजिक संरचनामा आएको परिवर्तनले आन्तरिक श्रम बजारलाई प्रत्यक्ष असर पारेको छ। युवा लक्षित रोजगारीका अवसर, रोजगारीको किसिम, सीपको आवश्यकता र वैदेशिक रोजगारीको प्रवृत्तिमा गहिरो प्रभाव पारेको छ।

रोजगारीका अवसर प्रायः सहरी क्षेत्रमा केन्द्रित छन् । ग्रामीण क्षेत्रमा रोजगारीका सीमित अवसर छन् । ग्रामीण क्षेत्रमा कृषि, निर्माण, उद्योग, सेवा, पर्यटन, सूचना प्रविधि, उद्यमशीलता तथा नवप्रवर्तनलगायत अन्य कैयौं क्षेत्रमा समेत युवा रोजगारीका अत्यधिक सम्भावना छन् । यी सम्भावनालाई मूर्त रूप दिन नीति, संरचना, लगानी, विधि, प्रविधि, प्रक्रिया र श्रम बजार सञ्जालको विकास गर्नु अति अत्यावश्यक छ। स्थानीय स्रोत, सिप र सम्भावनाको पहिचान गरी विभिन्न सरोकारवाला निकायको सहयोग, समन्वय र सहकार्यमा स्टार्टअप, इनोभेसन र उद्यमशीलतामार्फत् स्वरोजगारीका अवसर सिर्जना गर्नु पर्छ । सङ्घीय र प्रदेश सरकारले ग्रामीण क्षेत्रमा औद्योगिक विकास एवं विस्तारमा समेत लगानी गर्नु आवश्यक छ।

युवा जनशक्ति राष्ट्रिय विकासको मेरुदण्ड मात्र नभई सामाजिक तथा आर्थिक रूपान्तरणको प्रमुख संवाहक पनि हो । राष्ट्रिय युवा नीति, २०८२ अनुसार १८-३५ वर्ष उमेर समूहको जनसंख्यालाई युवा मानिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको ३०.१० प्रतिशत जनसंख्या १८-३५ वर्ष उमेर समूहभित्रको युवाको जनसंख्या छ भने ४२.५६ प्रतिशत जनसंख्या १६-४० वर्ष उमेर समूहको। नेपालको जनसांख्यिक संरचनामा युवाको बाहुल्य छ । नेपाल हाल जनसांख्यिक लाभको अवस्थामा छ । जहाँ काम गर्न सक्ने युवाको हिस्सा उच्च छ र यो अवस्था आगामी करिब २५/२६ वर्षसम्म मात्र रहने छ। यो राष्ट्रको आर्थिक वृद्धि र विकासका लागि ठुलो अवसर हो । यस अवधिभित्र युवालाई राष्ट्रिय उत्पादनसँग जोड्न सकिएन भने भविष्यमा यो जनसांख्यिक लाभ राष्ट्रका लागि ठुलो आर्थिक र सामाजिक भार बन्न सक्छ।

**युवा रोजगारीको अवस्था**

नेपाल श्रमशक्ति सर्वेक्षण, १९९५/९६ अनुसार नेपालको बेरोजगारी दर ४.९ प्रतिशत थियो। नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ अनुसार बेरोजगारी दर ११.४ प्रतिशत पुगेको थियो भने नेपाल जीवनस्तर सर्वेक्षण, २०२२/२३ अनुसार बेरोजगारी दर १२.६ प्रतिशत पुगेको छ । सन् १९९५/९६ मा १५-२४ वर्ष उमेर समूहका युवाको बेरोजगारी दर ७.३ प्रतिशत रहेकोमा सन् २०२२/२३ मा यो दर २२.७ प्रतिशत पुगेको छ। यसले नेपालमा बेरोजगारी दरको साथसाथै युवामा बेरोजगारी दर पनि बढ्दै गएको स्पष्ट देखिन्छ । यो उच्च बेरोजगारी दरले सक्रिय जनसंखयालाई निष्क्रिय पुँजीमा परिणत गरिरहेको देखाउँछ, जसले जनसांख्यिक लाभांशको अवसरलाई आर्थिक बोझमा परिणत गर्ने जोखिम पनि बढाएको छ।

**युवा रोजगारीका अवरोधक**

मुलुकमा रोजगारीको अवस्था एकदम जटिल छ। युवा जनशक्तिको ठुलो हिस्सा बेरोजगार वा अर्धबेरोजगार छ । मुलुकमा सीपयुक्त जनशक्तिको कमी, अनौपचारिक क्षेत्रमा उच्च रोजगारी र वैदेशिक रोजगारीमा निर्भरता जस्ता श्रम बजारका मुख्य चुनौती छन् । युवा शैक्षिक र रोजगारीका अवसरको खोजीमा दिनानुदिन विदेश पलायन भइरहेका छन् ।

अर्थतन्त्रको बनावट वा स्वरूपमा परिवर्तन भएकै कारण आन्तरिक रोजगारीका अवसरमा सङ्कुचन आएको छ । अर्थतन्त्र औद्योगिक चरणमा प्रवेश नगरी सिधै कृषि क्षेत्रबाट सेवा क्षेत्रमा रूपान्तरण भएको छ । जसले गर्दा देशमा उत्पादनशील रोजगारीको आधार एकदमै कमजोर बनेको छ। नेपालको श्रम बजारको अर्को मूल समस्या भनेको अनौपचारिक अर्थतन्त्रको प्रभुत्व हो । श्रम बजारको करिब ८० प्रतिशत हिस्सा अझै अनौपचारिक क्षेत्रले ओगटेको छ।

नेपालका ५८.५ प्रतिशत युवा शिक्षा, सिप वा रोजगारीमा संलग्न नरहेको देखिन्छ । विश्वमा हरेक पाँच जनामा एक जना अर्थात् २०.४ प्रतिशत युवाको संलग्नता शिक्षा, सीप वा रोजगारीमा नरहेको अवस्था छ । यो विश्वव्यापी औसतभन्दा झन्डै तीन गुणा बढी छ। यसले नेपाली युवा शक्तिको ठुलो हिस्सा निष्क्रिय रहेको देखाउँछ। ७३ प्रतिशत युवासँग शैक्षिक प्रमाणपत्र भए पनि श्रम बजारले खोज्ने प्राविधिक र व्यावसायिक सिपको चरम अभाव छ। जसले युवा बेरोजगारीको वर्तमान अवस्थालाई उजागर गरेको छ।

**युवा रोजगारीका मार्गचित्र**

विश्वव्यापी रूपमा सूचना प्रविधि, स्वचालन, डिजिटल रूपान्तरण र आर्थिक क्षेत्रमा द्रुत गतिमा भइरहेका परिवर्तनले कामको प्रकृति र स्वरूपमा समेत परिवर्तन गरिरहेका छन् । जसले रोजगारीको स्वरूप र आवश्यकता दुवैलाई रूपान्तरण गरेको छ। पुराना एवं परम्परागत प्रकृतिका काममा ह्रास हुँदै गएको छ भने नयाँ नयाँ सीप र दक्षता आवश्यक पर्ने कामको संख्या बढ्दै गएका छन् । श्रम बजारको प्रकृतिमा आएको परिवर्तनसँगै नयाँ-नयाँ सीपको माग र आवश्यकता पनि बढ्दै गएको छ। परिणामतः आजको युवा पुस्ता रोजगारीका लागि श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम छैन।

रोजगारी केवल श्रम र ज्यालाको विषय मात्र नभई यो विभिन्न प्रणाली र पात्रबिचको एकीकृत सञ्जाल हो । नेपालमा रोजगारीका क्षेत्रमा भएका विगतका प्रयास असफल हुनुको मुख्य कारण भनेको एकीकृत दृष्टिकोणको अभाव हो। श्रम बजारको प्रभावकारी व्यवस्थापनका लागि मुख्य पाँच वटा पक्ष-प्रणाली, कर्ता/भूमिका निर्वाह गर्ने पक्ष (एक्टर्स), कारक तत्व, क्षेत्र (सेक्टर्स) र सरोकारवाला (स्टेकहोल्डर्स) बिचको लिङ्केज र अन्तरसम्बन्ध।

प्रणाली : रोजगारी सिर्जनाको मुख्य आधार प्रणाली हो । प्रणाली भनेको कानुनी पूर्णता, नीतिगत स्पष्टता र संस्थागत संरचना हो । सञ्चालन पद्धति हो । प्रणालीगत कमजोरीले रोजगारी सिर्जना एवं रोजगारमूलक सूचना प्रवाहमा अवरोध सिर्जना गर्छ । प्रणालीले रोजगारसम्बन्धी नीति, रणनीति, योजना, कार्यक्रम, सीप विकास नीति र श्रम बजार सूचना व्यवस्थापन प्रणालीको रूपरेखा तय गर्छ । प्रणाली बलियो र सुदृढ भएमात्र श्रम बजारमा रोजगारीको माग र आपूर्तिबिच सन्तुलन कायम हुन्छ। व्यवस्थित र सक्षम प्रणाली नभएसम्म रोजगारी सिर्जना गर्न जटिल छ। उपयुक्त प्रणालीको विकासले नै श्रम बजारलाई सन्तुलित, व्यवस्थित र गतिशील बनाउने काम गर्छ।

कर्ताहरू (एक्टर्स) : रोजगारी सिर्जनामा प्रत्यक्ष वा सक्रिय भूमिका निर्वाह गर्ने नीति निर्माता, रोजगारदाता, रोजगारी खोज्ने व्यक्ति, तालिम प्रदायक संस्था, सहयोगी संयन्त्र वा सङ्घ संस्था श्रम बजारका प्रमुख कर्ता हुन् । यी पात्रबिच समन्वयको अभाव वा समयानुकूल जिम्मेवारी वा भूमिका सही ढङ्गले वहन गर्न नसकेको खण्डमा न रोजगारी सिर्जना गर्न सकिन्छ न त बेरोजगारी नै घटाउन सकिन्छ। तसर्थ श्रम बजारलाई चलायमान बनाउन नीति निर्माता, कार्यान्वयनकर्ता, रोजगारदाता, रोजगारी खोज्ने व्यक्ति र तालिम प्रदायक संस्थाले श्रम बजारको माग र आपूर्तिलाई सन्तुलन गर्ने खालको नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्छ।

कारक तत्व (फ्याक्टर्स) : रोजगारी सिर्जना र श्रम बजारलाई प्रभाव पार्ने आधारभूत कारक तत्व शिक्षा, सिप, पुँजी, प्रविधि, जनसांख्यिक अवस्था, भौगोलिक बनावट, लैङ्गिक समानता, श्रम बजारको माग र आवश्यकता आदि रहेका छन्। यी कारक तत्वबिचको असफलताले जनसांख्यिक लाभको अवस्था हुँदाहुँदै पनि मुलुक न्यून उत्पादकत्वको चक्रमा फसेको अवस्था छ । शिक्षा प्रणाली श्रम बजार अनुकूल हुनु पर्छ । सिप विकासमा लगानी बढाउनु पर्छ । सीप विकास नीतिलाई श्रम बजार उन्मुख बनाउन सकियो भने रोजगारी सिर्जनामा सुधार ल्याउँछ र वैदेशिक रोजगार माथिको निर्भरतालाई घटाउँछ । युवालाई रोजगारीमा सहज पहुँचका लागि श्रम बजार प्रणालीलाई प्रविधिमैत्री र सीपकेन्द्रित बनाउन एकदम जरुरी छ।

क्षेत्रहरू (सेक्टर्स) : रोजगारीका अवसर फरक-फरक क्षेत्र जस्तैः कृषि, सूचना प्रविधि, निर्माण, स्वास्थ्य, पर्यटन, सेवा क्षेत्र, उत्पादन क्षेत्र जस्ता उच्च सम्भावना भएका क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिन्छ । रोजगारी सिर्जना हुने फरक-फरक अर्थतन्त्र वा आर्थिक क्षेत्रहरू जस्तैः हरित अर्थतन्त्र, डिजिटल अर्थतन्त्र, केयर अर्थतन्त्रको रूपान्तरणबिना रोजगारीका नयाँ नयाँ अवसरको सिर्जना प्रायः असम्भव नै छ। तसर्थ कृषि क्षेत्रको आधुनिकीकरण गर्नु पर्छ। औद्योगीकरणलाई प्रोत्साहन गर्नु पर्छ। पर्यटन क्षेत्रको विकास एवं विस्तार गर्नु पर्छ। थप लगानी गर्न लगानीयोग्य वातावरण निर्माण गर्नु पर्छ।

सरोकारवाला (स्टेकहोल्डर्स) : रोजगारी सिर्जना एवं प्रवर्धनमा विभिन्न सरोकारवाला निकाय जस्तैः सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, ट्रेड युनियन, रोजगारदाता महासङ्घ, शैक्षिक संस्था, तालिम प्रदायक संस्था, विकास साझेदार, दातृ निकाय आदि सबैको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्वपूर्ण भूमिका रहने गर्छ। यी सरोकारवाला निकायबिचको समन्वय, सहकार्य र एकीकृत संयोजनले मात्र रोजगार नीति, रणनीति र कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ र श्रम बजारलाई चलायमान बनाउन सकिन्छ । यी पाँच पक्षबिच लिङ्केज, समन्वय र सहकार्य हुन एकदम जरुरी छ।

**निष्कर्ष**

रोजगारी सिर्जना गर्ने निजी क्षेत्रले हो । लगानीयोग्य वातावरणको अभाव र लगानीको असुरक्षाका कारण निजी क्षेत्रले दीर्घकालीन रूपमा थप लगानी गर्न हिच्किचाउँछ। जसले श्रम बजारमा थप चाप बढ्ने र अस्थिरता ल्याउने सम्भावना प्रबल हुन्छ। नेपालमा रोजगारीको अवस्था चुनौतीपूर्ण भए पनि रोजगारीका सम्भावना पनि उत्तिकै छन् । अब रोजगारी सिर्जना मुख्य एजेन्डा बन्नु पर्छ। गोपबाट

# मिर्गौला खराब हुँदा देखिने सुरुवाती ७ संकेत

डा. रोजन अधिकारी



मानव शरीर एक जटिल तर सुन्दर संरचना हो, जहाँ हरेक अंगले आ-आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको हुन्छ। ती अंगहरूमध्ये मिर्गौला अत्यन्तै महत्वपूर्ण भए पनि प्रायः बेवास्तामा पर्ने अंग हो । मिर्गौला शरीरको प्राकृतिक 'फिल्टर' हो।

यसले रगत छानेर फोहोर पदार्थ, अतिरिक्त पानी र नुनलाई पिसाबमार्फत् बाहिर निकाल्छ। साथै, रक्तचाप सन्तुलन, रगत बन्न सहयोग गर्ने हर्मोन उत्पादन तथा शरीरको रासायनिक सन्तुलन कायम राख्ने कार्य पनि यही अंगले गर्छ। तर विडम्बना, मिर्गौला बिग्रँदा सुरुमा प्रष्ट लक्षण देखिँदैन । जब लक्षणहरू देखापर्छन्, तबसम्म रोग गम्भीर भइसकेको हुन सक्छ। त्यसैले मिर्गौला खराब हुँदा देखिने सुरुवाती संकेतहरूको पहिचान र समयमै उपचार अत्यन्त आवश्यक छ।

मिर्गौला रोगका प्रमुख कारणहरूमा मधुमेह (डायबिटिज) र उच्च रक्तचाप सबैभन्दा महत्वपूर्ण मानिन्छन् । लामो समयसम्म रगतमा चिनी वा रक्तचाप नियन्त्रणमा नरहँदा मिर्गौलाका साना रक्तनलीहरू क्रमशः क्षतिग्रस्त हुन थाल्छन् । यसका अतिरिक्त दीर्घकालीन संक्रमण, मिर्गौलामा पत्थरी, वंशानुगत समस्या, मोटोपन, धूम्रपान तथा अनियन्त्रित रूपमा औषधि सेवन गर्नु पनि मिर्गौला बिग्रिनुका कारण हुन सक्छन् । आधुनिक जीवनशैली, असन्तुलित आहार, अत्यधिक नुन सेवन, शारीरिक गतिविधिको कमी तथा नियमित स्वास्थ्य परीक्षण नगर्ने बानीले पनि मिर्गौला रोगको जोखिम बढाएको छ। नेपालजस्ता विकासोन्मुख देशहरूमा स्वास्थ्यसम्बन्धी जनचेतनाको कमी र लक्षणलाई सामान्य ठानेर बेवास्ता गर्ने प्रवृत्तिले रोग ढिलो पत्ता लाग्ने समस्या अझै बढाएको छ।

**मिर्गौला खराब हुँदा देखिन सक्ने सुरुवाती संकेतहरू**

**१.निद्रामा गडबडी**

मिर्गौला कमजोर हुँदा शरीरबाट विषाक्त पदार्थहरू पर्याप्त रूपमा बाहिरिन सक्दैनन् । यी पदार्थहरू रगतमा बढ्दा शरीरमा असहजता महसुस हुन सक्छ, जसका कारण राम्रोसँग निदाउन कठिन हुन्छ। राति बारम्बार ब्युँझिनु, बेचैनी हुनु वा दिनभर थकान महसुस हुनु प्रारम्भिक संकेत हुन सक्छ।

**२. खुट्टा र आँखा वरिपरि सुन्निनु**

मिर्गौलाले अतिरिक्त पानी र नुन हटाउन नसक्दा शरीरमा तरल पदार्थ जम्मा हुन थाल्छ । यसको परिणामस्वरूप खुट्टा, गोडा, अनुहार वा आँखा वरिपरि सुन्निएको देखिन सक्छ। बिहान उठ्दा आँखा फुलेको देखिनु वा साँझतिर जुत्ता टाइट महसुस हुनु चेतावनीको संकेत हो।

**३.पिसाबमा फिँज देखिनु**

स्वस्थ मिर्गौलाले शरीरका आवश्यक प्रोटिनहरूलाई जोगाएर राख्छ। तर मिर्गौला क्षतिग्रस्त हुँदा प्रोटिन पिसाबमार्फत् बाहिरिन थाल्छ, जसका कारण पिसाबमा अत्यधिक फिँज देखिन सक्छ । यस्तो समस्या बारम्बार देखिएमा पिसाब परीक्षण गराउनु आवश्यक हुन्छ।

**४. पिसाबमा रगत देखिनु**

पिसाब गुलाबी, रातो वा गाढा खैरो देखिनु गम्भीर संकेत हुन सक्छ। यो मिर्गौला रोग, पत्थरी, संक्रमण वा अन्य मूत्रसम्बन्धी समस्याको कारण हुन सक्छ । यस्तो अवस्थामा ढिला नगरी चिकित्सकसँग परामर्श लिनु अत्यन्त आवश्यक हुन्छ।

**५. अत्यधिक थकान र कमजोरी हुनु**

मिर्गौलाले रगत बन्न सहयोग गर्ने हर्मोन उत्पादन गर्छ । जब मिर्गौला कमजोर हुन्छ, रगतको कमी (एनेमिया) हुन सक्छ। यसले सामान्य काम गर्दा पनि थकान महसुस हुनु, ध्यान केन्द्रित गर्न कठिन हुनु वा सास फेर्न गाह्रो हुने समस्या देखिन सक्छ।

**६.भोक नलाग्ने र वाकवाकी लाग्ने**

रगतमा विषाक्त पदार्थ बढ्दा पाचन प्रणाली प्रभावित हुन सक्छ। भोक कम लाग्ने, मुखमा धातुको स्वाद आउने, वाकवाकी लाग्ने वा बान्ता हुने समस्या पनि मिर्गौला रोगका संकेत हुन सक्छन् ।

**७.पिसाबको मात्रामा परिवर्तन**

बारम्बार पिसाब लाग्नु, विशेष गरी राति, वा उल्टो पिसाबको मात्रा घट्नु पनि मिर्गौला समस्याको संकेत हुन सक्छ। पिसाबको रङ, गन्ध वा स्वरूपमा परिवर्तन देखिएमा पनि ध्यान दिन आवश्यक हुन्छ।

**जोखिम समूह**

मिर्गौला रोग सबै मानिसमा समान रूपमा देखिँदैन । मधुमेह वा उच्च रक्तचाप भएका व्यक्तिहरू, परिवारमा मिर्गौला रोगको इतिहास भएका मानिसहरू, ४० वर्षभन्दा माथिका व्यक्ति तथा दीर्घकालीन रूपमा दुखाइ निवारक औषधि सेवन गर्ने मानिसहरू उच्च जोखिम समूहमा पर्छन् । यसका अतिरिक्त मोटोपन, धूम्रपान, बारम्बार पिसाबको संक्रमण हुनु वा मिर्गौलामा पत्थरी भएका व्यक्तिहरूमा पनि जोखिम बढी हुन्छ।

यस्ता व्यक्तिहरूले आफ्नो मिर्गौलाको स्वास्थ्यप्रति विशेष ध्यान दिनु आवश्यक हुन्छ । नियमित रूपमा रगतमा क्रियाटिनिन तथा पिसाब परीक्षण गराएर मिर्गौलाको कार्यक्षमता जाँच गराउँदा रोग प्रारम्भिक चरणमै पत्ता लगाउन सकिन्छ।

**मिर्गौला जोगाउने उपायहरू**

मिर्गौला स्वास्थ्य जोगाउनका लागि स्वस्थ जीवनशैली अपनाउनु अत्यन्त महत्वपूर्ण हुन्छ । रक्तचाप र रगतको चिनी नियन्त्रणमा राख्नु, नुन र प्रशोधित खाना कम खाने, सन्तुलित आहार अपनाउने तथा पर्याप्त पानी पिउने बानीले मिर्गौला स्वास्थ्यलाई सहयोग गर्छ। नियमित व्यायाम, तौल नियन्त्रण, धूम्रपान र मद्यपानबाट टाढा रहनु तथा अनावश्यक औषधि सेवन नगर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

विशेष गरी दीर्घकालीन रूपमा पेनकिलर औषधि सेवन गर्दा मिर्गौलामा असर पर्न सक्छ, त्यसैले चिकित्सकको सल्लाह बिना लामो समयसम्म औषधि प्रयोग गर्नु उचित हुँदैन । त्यसैगरी वर्षमा कम्तीमा एकपटक नियमित स्वास्थ्य परीक्षण गराउनु, विशेष गरी जोखिम समूहमा पर्ने व्यक्तिहरूका लागि, मिर्गौला रोगको प्रारम्भिक पहिचानका लागि प्रभावकारी उपाय हो।

**सचेतनाको सुरुवात आजैबाट**

मिर्गौला रोग प्रायः अचानक देखिने समस्या होइन । यो धेरै वर्षसम्मको असन्तुलित जीवनशैली र स्वास्थ्यप्रति बेवास्ताको परिणाम हो । शरीरले स-साना संकेतहरूमार्फत् चेतावनी दिन्छ, तर ती संकेतहरूलाई बेवास्ता गर्दा समस्या गम्भीर अवस्थामा पुग्न सक्छ।

स्वास्थ्यप्रति सजग रहनु व्यक्तिगत जिम्मेवारी मात्र होइन, सामाजिक दायित्व पनि हो । नियमित परीक्षण, स्वस्थ जीवनशैली र समयमै उपचारले मिर्गौला रोगको जोखिम धेरै हदसम्म घटाउन सकिन्छ। मिर्गौला हाम्रो शरीरको मौन संरक्षक हो। यसको स्याहार गर्नु भनेको आफ्नै जीवनको भविष्य सुरक्षित गर्नु हो। आजबाट सुरु गरिएको सानो सचेत कदमले भोलिको ठूलो पीडालाई रोक्न सक्छ।

# किन नराम्ररी खस्कियो कम्युनिष्ट जनमत ?

बुटवल । नेपालको संसदीय राजनीतिमा पछिल्ला दुई दशक कम्युनिस्ट शक्तिको बोलवाला रह्यो । यही दौरानमा पाँच जना कम्युनिस्ट नेता प्रधानमन्त्री बने । जसमा केपी शर्मा ओली चार पटक, पुष्पकमल दाहाल 'प्रचण्ड' तीन पटक, माधवकुमार नेपाल, झलनाथ खनाल र डा. बाबुराम भट्टराई एक-एक पटक प्रधानमन्त्री बने ।

यो कालखण्डका हरेकजसो सरकार कि कम्युनिस्ट नेताकै नेतृत्वमा थिए, कि कम्युनिस्ट शक्तिको निर्णायक भूमिकासहितका सरकार बनेका थिए ।

कम्युनिस्ट शक्तिको यस्तो दबदबा रहनुका पछाडि दरिलो जनमतकै आड थियो । विशेषगरी २०६४ देखि यताका निर्वाचनमा अभिव्यक्त जनमतको अधिकांश हिस्सा कम्युनिस्ट पार्टीहरूमै केन्द्रित थियो । जसमा झन्डै बहुमतको हाराहारी मत प्रस्ट कम्युनिस्ट पहिचान भएकै दलले पाउँदै आए । कम्युनिस्ट वैचारिक पृष्ठभूमिका नेताले नेतृत्व गरेका समाजवादी पहिचान बोक्ने दलले पाउने मतसमेत जोड्दा जहिल्यै दुई तिहाइ नजिकको समर्थन कम्युनिस्ट शक्तिले पाइरहे ।

फागुन २१ को प्रतिनिधिसभा निर्वाचनको नतिजाले भने कम्युनिस्ट शक्तिको त्यो दबदबा एकएक कमजोर पारेको छ । यसपटक जनमतमा व्याप्त रहेको कम्युनिस्टको वैचारिक धरातल लगभग निकै कमजोर पारिदिएको छ ।

जसको प्रमाण मूलतः यसपटक अभिव्यक्त भएको समानुपातिकको नतिजा हो । समानुपातिक निर्वाचन प्रणालीमा मतदाताले दल चुन्छन् । जसमा प्रत्यक्षजस्तो सिधै उम्मेदवारका रूपमा व्यक्ति चुनिन्न । दलहरू विचार, सिद्धान्त, नीति तथा कार्यक्रमबाट निर्देशित हुने मान्यता रहन्छ । मतदाताले आफ्नो विचार बोक्ने दलको चिन्हमा मतदान गरेर त्यही विचारअनुसारको म्यान्डेट दिन्छन् भन्ने मान्यता रहन्छ । यही कारण समानुपातिक मतलाई कतिपयले 'वैचारिक मत' पनि भन्दछन् । नेपालमा २०६४ को पहिलो संविधानसभा निर्वाचनयता समानुपातिक निर्वाचन प्रणाली अभ्यासमा छ । त्यसयता २०७९ सम्मका समानुपातिक नतिजामा कम्युनिस्ट विचार बहुल्य मतदाताको आँकडा देखिँदै आएको थियो ।

यसपटक उल्टो नतिजा आएको छ । अहिलेको नतिजाले नेपाली मतदातामा कम्युनिस्ट विचारधाराप्रति मोहभंग भएको देखाएको छ । उसो त अहिलेको नतिजाले सबैजसो पुराना शक्तिलाई अस्वीकृत गरेको छ । २०७९ को प्रतिनिधिसभा निर्वाचनअघि खुलेको नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) स्थापनाको साढे तीन वर्षमै दुई तिहाइ जनमतका साथ संसद् प्रवेश गर्दैछ । रास्वपाको यो जनमतका अगाडि सबै पुराना शक्ति कमजोर देखिए पनि सबैभन्दा बढी चोट कम्युनिस्ट शक्तिहरूलाई दिएको छ । प्रत्यक्षमा जस्तै समानुपातिकतर्फको नतिजामा पनि कम्युनिस्ट शक्ति निकै खुम्चिएका छन् । जसले कम्युनिस्ट शक्तिको वैचारिक धरातल स्खलित भएको संकेत गरेको छ ।

रास्वपाले प्रत्यक्षजस्तै समानुपातिकमा पनि उल्लेख्य मत हासिल गरेर दुई तिहाइ नजिक पुग्दा लोकतान्त्रिक दलका रूपमा परिचित नेपाली कांग्रेस दोस्रो भएको छ । त्यसपछि बल्ल तेस्रो स्थानमा सबैभन्दा ठूलो कम्युनिस्ट शक्ति नेकपा एमाले आएको छ । एमाले प्रत्यक्षतर्फ ९ सिटमा खुम्चिँदा समानुपातिकतर्फ १५ लाख मत पनि कटाउन सकेन । २०७९ को निर्वाचनभन्दा यसपटक उसले समानुपातिकमा १३ लाखभन्दा बढी मत गुमाएको छ ।

जेनजी विद्रोहपछि दुई दर्जन बढी कम्युनिस्ट शक्तिहरू जोडेर बनेको नेपाली कम्युनिस्ट पार्टी(नेकपा)ले त झन् १० लाख मत पनि पुऱ्याउन सकेन । नेकपा माओवादीदेखि, पूर्व एमालेसहितका वामघटकको विरासत बोकेका नेताहरू जोडिएर बनेको दलको प्रदर्शन पनि साह्रै निराशाजनक रह्यो ।

**जनमत २२, संसद् प्रतिनिधित्व १५ प्रतिशत**

यसपटकको निर्वाचनमा समानुपातिकतर्फ कुल एक करोड आठ लाख ३५ हजार २५ मत सदर भएको छ । जसअनुसार यसपटक ६ दल रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले मात्रै 'थ्रेसहोल्ड' कटाएका छन् । थ्रेसहोल्ड कटाउने कम्युनिस्ट पार्टी एमाले र नेकपा गरी दुई वटा मात्रै कायम भएका छन् । थ्रेसहोल्ड नै कटाए पनि उनीहरूले पाएको समानुपातिक मत यसपटक निकै निराशाजनक छ ।

रास्वपाले एक्लै ५१ लाख ८३ हजार ४९३ मत पाएको छ । जुन कुल सदर मतको ४७.८४ प्रतिशत हुनआउँछ । दोस्रो स्थानको कांग्रेसले १७ लाख ५९ हजार १७२ मत पाएको छ । जुन १६.२४ प्रतिशत हो । तेस्रो स्थानमा अटाएको पहिलो कम्युनिस्ट शक्ति एमालेले १४ लाख ५५ हजार ८८५ समानुपातिक मत पाएको छ । जुन १३ दशमलव ४३ प्रतिशत मात्रै हो, भने नेकपाले ८ लाख ११ हजार ५७७ समानुपातिक मत प्राप्त गरेको छ । जुन ७.४९ प्रतिशत मात्रै हुन आउँछ ।

यसपटक समानुपातिकतर्फको निर्वाचनमा एमाले र नेकपासहित ८ प्रस्ट कम्युनिस्ट पहिचान बोकेका दल सहभागी थिए । बाँकी ६ कम्युनिस्ट शक्तिले जम्मा एक लाख ११ हजार १३९ मत मात्रै प्राप्त गर्नसके । यसरी नेपालका सबै कम्युनिस्ट पहिचान भएका शक्तिहरूले कुल २३ लाख ७८ हजार ६०१ मत मात्रै प्राप्त गरेका छन् । जुन कुल सदर मतको २१.९५ प्रतिशत हुन आउँछ ।

एमाले र नेकपाबाहेक नेपाल मजदुर किसान पार्टीले ४२ हजार ३०१, राष्ट्रिय जनमोर्चाले २९ हजार ४५५, नेकपा माओवादी २३ हजार ८६४, नेकपा मालेले ६ हजार १७२, नेकपा मार्क्सवादी (पुष्पलाल)ले ४ हजार ८३२ र नेकपा (संयुक्त)ले ४ हजार ५१५ मत मात्रै प्राप्त गरेका छन् । नेपालको पछिल्ला दुई दशकको राजनीतिमा कम्युनिस्ट जनमत यति धेरै कमजोर अवस्थामा पुगेको यो पहिलो पटक हो ।

यसअघिका निर्वाचन प्रस्ट कम्युनिस्ट पहिचान भएकै दलले बहुमत आसपास समानुपातिक मत बटुल्थे । त्यसमा कम्युनिस्ट वैचारिक पृष्ठभूमि भएका नेताहरूले नेतृत्व गर्ने समाजवादी दलको जनमत जोड्दा सधैँजसो दुई तिहाइ नजिकको जनमत हुन्थ्यो । यसपटकको नतिजाले जनमतको त्यो आँकडाले देखाउने चित्रलाई पूरै फेरबदल गरिदिएको छ ।

जनमत घटेसँगै कम्युनिस्ट शक्तिको प्रतिनिधिसभाको उपस्थिति पनि ठुलो गिरावट आएको छ । २७५ सिटको प्रतिनिधिसभामा यसपटक एमालेबाट २५ र नेकपाबाट १७ सांसदसहित ४२ जना कम्युनिस्ट सांसद पुगेका छन् । जुन १५.२७ प्रतिशत मात्रै हो ।

**२०६४ : कम्युनिस्टको पहिलो दबदबा**

नेपालमा समानुपातिक निर्वाचन प्रणाली सुरु भएकै पहिलो निर्वाचन (२०६४ संविधानसभा) मा ठूलो संख्यामा कम्युनिस्ट जनमत देखिएको थियो । सो निर्वाचनको समानुपातिक नतिजामा ५७.४० प्रतिशत मत प्रस्ट कम्युनिस्ट पहिचान बोकेका दलहरूले पाएका थिए । त्यो बेला समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ७८ मत सदर हुँदा ६१ लाख ६४ हजार ५२५ मत प्रस्ट कम्युनिस्ट पहिचान भएका दलले प्राप्त गरेका थिए ।

सशस्त्र संघर्षबाट आएको तत्कालीन नेकपा माओवादीले प्रत्यक्षमा २४० सिटमध्ये एक्लै १२० सिट जितेको थियो । समानुपातिकतर्फ उसले एक्लै ३१ लाख ४४ हजार २०४ मत पाएको थियो । जुन कुल सदर मतको २९.२४ प्रतिशत थियो ।

अर्को ठूलो कम्युनिस्ट दल एमालेले त्यो बेला २१ लाख ८३ हजार ३७० मत प्राप्त गर्दा त्यो कुल सदर मतको २०.३३ प्रतिशत थियो । थ्रेसहोल्डको व्यवस्था नगरिएको त्यो निर्वाचन यी दुई दलसहित आठ कम्युनिस्ट दलले समानुपातिकबाट संविधानसभामा आफ्नो प्रतिनिधित्व पाएका थिए ।

यस्तै सो निर्वाचनमा समानुपातिकमा नेकपा मालेले दुई लाख ४३ हजार ५४५, जनमोर्चा नेपालले एक लाख ६४ हजार १८१, नेकपा संयुक्तले एक लाख ५४ हजार ९६८, राष्ट्रिय जनमोर्चाले एक लाख ६ हजार २२४, नेपाल मजदुर किसान पार्टीले ७४ हजार ७९ र नेकपा एकीकृतले ४८ हजार ६०० मतसहित संविधानसभामा समानुपातिकबाट प्रतिनिधित्व पाएका थिए । ६०१ सदस्यीय संविधानसभामा कम्युनिस्ट सभासदको संख्या ३६८ पुगेको थियो । जुन ६१.२३ प्रतिशत थियो । यो नेपालको संसदीय इतिहासमा कम्युनिस्ट शक्तिको दबदबा कायम भएको पहिलो संसद थियो ।

**२०७० : अलमलमा ओरालो**

पहिलो संविधानसभाको असफलतापछि २०७० मा दोस्रो पटक संविधानसभा निर्वाचन भएको थियो । त्यो निर्वाचनमा २०६४ मा उल्लेख्य मतका साथ पहिलो शक्ति बनेको माओवादी ह्वात्तै कमजोर देखियो । सो निर्वाचनमा समानुपातिक तर्फ कुल सदर मत ९४ लाख ६३ हजार ८६२ सदर भएको थियो । यो निर्वाचनमा माओवादी जनमत आधाले घट्दा समानुपातिकमा कम्युनिस्ट मत पनि घटेर ४३.२७ प्रतिशतमा झऱ्यो ।

त्यो बेला प्रस्ट कम्युनिस्ट पहिचान भएका ११ दलले समानुपातिकमा जम्मा ४० लाख ९५ हजार ४८५ मत मात्रै पाएका थिए ।

जसमा सबैभन्दा बढी एमालेले २२ लाख ३९ हजार ६०९ मतसहित सदर मतको २३.६६ प्रतिशत पाउँदा तत्कालीन एकीकृत नेकपा माओवादी १४ लाख ३९ हजार ७२६ मतमा झरेको थियो । जुन कुल सदर मतको १५.२१ प्रतिशत मात्रै हो ।

ती दुई दलबाहेक नेकपा मालेले एक लाख ३० हजार ३००, राष्ट्रिय जनमोर्चाले ९२ हजार ३८७, नेकपा संयुक्तले ९१ हजार ९९७, नेपाल मजदुर किसान पार्टीले ६६ हजार ७७८ मत पाएका थिए । त्यो निर्वाचनपछि संविधानसभामा कम्युनिस्ट सभासदको उपस्थिति पनि ४६.९२ प्रतिशतमा झरेको थियो । ६०१ सिटमध्ये प्रस्ट कम्युनिस्ट पहिचान भएकाले दलले २८२ सिट मात्रै प्राप्त गरेका थिए ।

पहिलो संविधानसभामा संविधानका विषयमा कम्युनिस्ट शक्तिहरू नै अलमलिँदा यस्तो नतिजा आएको थियो । यो निर्वाचनमा नेपाली कांग्रेस पहिलो दल बन्यो । त्यो बेला २०६२/६३ को परिवर्तनपछि रक्षात्मक बनेका राजावादी शक्तिहरूलाई आंशिक हौसला पनि मिलेको थियो ।

**२०७४ : एकताको बलमा दुई तिहाइ**

नेपालको संविधान, २०७२ जारी भइसकेपछि २०७४ मा पहिलोपटक मुलुक संघीयतामा गएको थियो । त्यो बेला प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैसाथ सम्पन्न भयो । त्यो निर्वाचनमा नेपालका ठुला दुई कम्युनिस्ट पार्टी एमाले र तत्कालीन माओवादी केन्द्र निर्वाचनपछि पार्टी एकीकरण नै गर्नेगरी मिलेर चुनावमा गएका थिए । त्यसमा अन्य वामघटक साना दल पनि मिलेका थिए ।

उक्त निर्वाचनमा समानुपातिकतर्फ कुल ९५ लाख ४४ हजार ७७९ मत सदर हुँदा प्रस्ट कम्युनिस्ट पहिचान भएका दलले ४८ प्रतिशत समानुपातिक मत बटुलेका थिए । जुन ४६ लाख ३८ हजार ७६९ मत हुन्छ । त्यसबेला नेकपा एमालेले २०७० को तुलनामा ह्वात्तै मत बढाउँदै ३१ लाख ७३ हजार ४९४ मत बटुलेको थियो । जुन कुल सदर मतको ३३.२४ प्रतिशत थियो ।

अर्को कम्युनिस्ट दल माओवादी केन्द्रले कुल सदर मतको १३.७७ प्रतिशत अर्थात् १३ लाख ३ हजार ७२१ मत पाएको थियो । यसपटक तीन प्रतिशत थ्रेसहोल्ड लागेकाले अन्य कम्युनिस्ट दलले समानुपातिकमा सिट पाएनन् । यो निर्वाचनमा प्रस्ट कम्युनिस्ट पहिचान बोक्ने शक्तिहरूको समानुपातिकमा ५० प्रतिशत मत नकटे पनि प्रत्यक्षतर्फको आँकडाले संसदमा झन्डै दुई तिहाइको उपस्थिति जुटाएको थियो ।

२७५ सिटको प्रतिनिधिसभामा एमाले एक्लैको १२१ सिट हुँदा माओवादी केन्द्रको ५३, राष्ट्रिय जनमोर्चाको दुई र नेमकिपाको एकगरी १७७ प्रस्ट कम्युनिस्ट पहिचान भएका दलको प्रतिनिधित्व थियो । जुन ६४.३६ प्रतिशत हुन आउँछ ।

**२०७९ : टुटफुट र निराशा**

२०७४ मा संसदमा पाएको झन्डै दुई तिहाइ जनमत कम्युनिस्ट शक्तिले उपयोग गर्न सकेनन् । उल्टै आपसी विवादमा फसेर टुटफुट र विभाजन भए । २०७९ को निर्वाचनसम्म आइपुग्दा कम्युनिस्ट जनमत घटेर ४२.६० प्रतिशतमा झऱ्यो ।

यो निर्वाचनमा समानुपातिकतर्फ कुल एक करोड पाँच लाख ६० हजार ६७ मत सदर हुँदा कम्युनिस्ट पार्टीहरूले कुल ४४ लाख ९९ हजार १६३ मत मात्रै पाएका थिए । जसमा एमालेले २८ लाख ४५ हजार ६४१ मतसहित पहिलो शक्ति बनेर २६.९५ प्रतिशत बटुलेको थियो । माओवादी केन्द्र ११ लाख ७५ हजार ६८४ मतसहित दोस्रो कम्युनिस्ट शक्ति बनेपनि उसको पनि मत घटेर ११.१३ प्रतिशतमा पुगेको थियो ।

एमालेबाट विभाजन भएर बनेको नेकपा एकीकृत समाजवादी २ लाख ९८ हजार ३९१ मत ल्याएपनि थ्रेसहोल्ड कटाउन सकेन । प्रत्यक्षतर्फ पनि कम्युनिस्ट शक्तिले कम सिट जिते । जसअनुसार २७५ सदस्यीय संसद्मा १२३ जना मात्रै प्रस्ट कम्युनिस्ट पहिचान भएका दलका सांसद पुगे ।

जसअनुसार त्यो संसदमा कम्युनिस्ट सांसदको उपस्थिति ४४.७२ प्रतिशत मात्रै कायम भयो । यो नतिजा वाम शक्तिहरू टुटफुट हुनुको परिणाम थियो । त्यसपछि व्याप्त निराशालाई राज्यले सम्बोधन गर्न नसक्दा यसपटक भदौ २३ र २४ गतेको घटना निम्तिएको हो । जसले कम्युनिस्ट शक्तिहरूलाई निकै दयनीय अवस्थामा पुऱ्याएको छ ।

राजनीतिक विश्लेषक केशव दाहाल पहिले नेपालमा कम्युनिस्ट जनमत बढ्नुमा त्यतिबेलाको परिवेशले भूमिका खेलेको टिप्पणी गर्दै अहिले परिवेश नै बदलिएकाले जनमत घटेको बताउँछन् ।

'पहिले कम्युनिस्टले किसान, मजदुर, दलित, महिला, आदिवासी-जनजातिका मुद्दा उठाए । श्रमजीवि र सर्वहारा वर्गका लागि लड्ने शक्ति नै हामी हौँ भने,' दाहाल भन्छन्-'त्यो बेलाको नेपाली समाज विपन्न गरिब मजदुर-किसानकै बहुल्यतावाला थियो । त्यो कुरा समाजले पत्यायो, जनताले कम्युनिस्ट विचार अंगाले ।'

**अहिले कम्युनिस्ट जनमत घट्नुमा दाहाल मुख्यतः चार कारण देख्छन् –**

पहिलो- सत्तामा कम्युनिस्ट र अरु दल एउटै देखिनु रहेको उनले बताए । 'यो अवधिमा जनताबाट पटक-पटक मत लिएर कम्युनिस्ट शक्तिहरूले सत्ता चलाइसके । सत्तामा पुगेपछि कम्युनिस्ट र अन्य दलका गतिविधिमा जनताले केही फरक पाएनन् । वैचारिक भेद व्यवहारमा नदेखेपछि जनतामा मोहभंग भया ।'- दाहालले भने ।

दोस्रो- अहिले सर्वहारा वर्ग नै नरहनु रहेको दाहालको बुझाइ छ । 'कम्युनिस्टले वर्षौवर्ष सर्वहारा-श्रमजीवी वर्गको पार्टी हौँ भनेर राजनीति गरे । अहिले त्यो वर्ग नै रहेन,' उनले भने-'पहिले किसान ७० प्रतिशत थिए, त्यो रहेन । मजदुरी गर्ने विदेश गए । महिला, दलितका मुद्दा अरुले पनि उठाउन थाले ।'

निम्न आयको वर्गबाट समाज उठेर मध्यम वर्गमा पुगेपछि कम्युनिस्टले उठाउने एजेन्डाको उपादेयता नै सकिएको उनी टिप्पणी गर्छ । 'अहिले केही नभए पनि टिनको छानो, टिभि छ स्मार्ट फोन, बच्चाबच्ची ठिकठाककै स्कुलमा जान्छन् । विदेशकै कमाइ भए पनि समाज पहिलेभन्दा माथि उठेको छ ।'-दाहालले भने ।

तेस्रो- विश्वभर कम्युनिस्ट विचार प्रवाहको उपादेयता पनि कमजोर हुँदै गएका कारण नेपालमा कम्युनिस्ट जनमत घट्नमा मद्दत गरेको दाहालको बुझाइ छ । उनी भन्छन्-'अहिले कम्युनिस्ट विचार प्रवाहको उपादेयता विश्वव्यापी कमजोर भएको छ ।

मार्क्सवाद, लेनिनवाद, माओवादको दार्शनिक विचार दिएर मतदाता प्रभावित हुँदैनन् ।'

चौथो- नेपालमा विचारभन्दा एजेन्डा र 'पपुलिजम' प्रभावशाली भएकाले कम्युनिस्ट जनमत घट्न गएको उनी बताउँछन् । 'अहिले दलले बोक्ने विचार जनतामा गौण छन् । विचारभन्दा मतदाताले एजेन्डा खोज्छन्,' दाहाल भन्छन्-'एजेन्डामा कम्युनिस्ट मात्रै नभई पुराना दल कमजोर बन्दा पपुलिजमले स्थान लियो ।'

# ग्यास र सवारी इन्धनको कृत्रिम अभाव सिर्जना गर्नेलाई कारबाही गरिने



काठमाडौँ । काठमाडौँ महानगरपालिकाले खाना पकाउने ग्यास र सवारीसाधनमा प्रयोग हुने इन्धनको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालोबजारी गर्नेलाई कारबाही गरिने जनाएको छ ।

ग्यास हुँदाहुँदै छैन भनेर ग्राहकलाई नदिने, अब ग्यास पाइँदैन भनेर धेरै मूल्य लिने, इन्धन डिपोहरूमा तेल मौज्दात हुँदाहुँदै छैन भनेर उपभोक्तालाई फर्काउने गरिएको गुनासो आउन थालेपछि महानगरले निगरानी संयन्त्र सक्रिय बनाएको कामपाका प्रशासन विभागका प्रमुख महेश काफ्लेले जानकारी दिए ।

काफ्लेले भने-"ग्यास छैन भन्ने गलत सूचना प्रवाह गरेर मूल्य बढी लिने तथा सर्वसाधारणको जनजीवनमा असहज परिस्थिति सिर्जना गर्नेमाथि कारबाही गर्नेछौँ । नेपाल आयल निगमले ग्यासको मूल्य आधा सिलिन्डर रु ९५५ तोकेको छ । यही मूल्यमा खरिदबिक्री गर्न व्यवसायी र उपभोक्तामा हाम्रो अनुरोध छ ।"

ग्यास अभाव हुने आशङ्कामा उपभोक्ताले बढी भण्डारण गर्ने गरेकाले पनि बजारमा अभाव देखिएको उनको भनाइ छ । यसरी ग्यास सञ्चिति गर्न थालियो भने माग र आपूर्तिको चक्रमा असर पुग्छ । यसकारण उपभोक्ताले पनि जिम्मेवारपूर्वक ग्यास माग गर्नुपर्छ", काफ्लेले भने-"सहज जनजीविकाका लागि उपभोक्ता, उद्योग तथा वाणिज्य क्षेत्र र सरकार सबैको समान दायित्व छ । आआफ्ना दायित्व सबैले पूरा गनुपर्छ ।"

पेट्रोल पम्पहरूले पनि आफूसँग मौज्दात इन्धन भएर पनि छैन भनी सवारीसाधनलाई उपलब्ध नगराउने सूचना पाइएको जनाउँदै उनले यसमा महानगरले निगरानी थालेको बताए ।

ग्यास र इन्धन अभाव सिर्जना गर्ने क्रियाकलाप देखेमा तथ्यमा आधारित विवरण महानगरपालिकाका 'हटलाइन नम्बर' ११८० मा टिपाउन सकिने व्यवस्था मिलाइएको छ । यसरी प्राप्त विवरणका आधारमा कामपाले निगरानी गर्नेछ ।

ग्यास बिक्रेता महासङ्घ, नेपालका अध्यक्ष ज्ञानेश्वर अर्यालका अनुसार भारतबाट आउने ग्यास अहिलेसम्म नियमित छ । उनले सञ्चितिका लागि माग नगर्न उपभोक्तासँग आग्रह गरे ।

# जेनजी आन्दोलनका घाइतेको विवरण सार्वजनिक




बुटवल । गत भदौ २३ र २४ मा जेनजी आन्दोलनका क्रममा घाइते भएकाहरूको विवरण सार्वजनिक गरिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आन्दोलनका क्रममा उपचार भएका अस्पतालबाट सङ्कलन गरिएको नामअनुसार विवरण सार्वजनिक गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

आन्दोलनमा देशभरिका ९९ अस्पतालमा दुई हजार ६३८ जना घाइतेको उपचार गरिएको विवरण प्राप्त भएको उनले बताए ।

"आन्दोलनका क्रममा उपचार भएका सबै अस्पतालबाट घाइतेको विवरण सङ्कलन गरिहेका थियौँ । केही अस्पतालबाट विवरण आउन ढिलो भएकाले सबै घाइतेको विवरण सार्वजनिक गर्न ढिलाइ भयो । हाल सबै घाइतेको विवरण गृह मन्त्रालयलाई पठाएको छ ।"-प्रवक्ता डा. बुढाथोकीले भने ।

विवरणअनुसार गत असोज ३१ गते दुई हजार ५२२, गत माघ ४ गते ७७ र यही फागुन २९ गते थप ३९ जना घाइतेको विवरण गृह मन्त्रालयलाई पठाइएको छ ।

प्रवक्ता डा. बुढाथोकीका अनुसार सबैभन्दा धेरै चार सय ५८ जना घाइतेको नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पतालमा उपचार गरिएको छ ।

यस्तै, नेपाल पुलिस अस्पतालमा दुई सय तीन, राष्ट्रिय ट्रमा सेन्टरमा एक सय ९० र त्रिवि शिक्षण अस्पतालमा एक सय आठ जनाको उपचार भएको थियो ।

# कतारबाट फर्किन चाहनेले निवेदन दिनुपर्ने

बुटवल । मध्यपूर्वमा जारी तनावबीच कतारको दोहास्थित नेपाली राजदूतावासले स्वदेश फर्कन चाहने नेपालीहरूलाई आवेदन दिन आग्रह गरेको छ ।

दोहास्थित नेपाल दूतावासले शनिबार एक विशेष अनुरोध जारी गर्दै ताशिर साउदी भिसा सेवा केन्द्रमार्फत पर्यटक भिसा आवेदन दिन भनेको हो ।

दूतावासको सूचना अनुसार, साउदी अरेबियाका विमानस्थल हुँदै नेपाल जान चाहने कतार आइडी भएका नेपालीले आवेदन दिन सक्नेछन् ।

थप जानकारीका लागि ५०६६०६२२ मा सम्पर्क गर्न सकिने दूतावासले जनाएको छ ।

**एमाले...**

यसअघि फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि समानुपातिक तर्फबाट कसलाई प्रतिनिधिसभामा पठाउने भन्ने विषयमा पार्टीभित्र तीव्र मतभेद देखिएको थियो । सोही विवादका कारण खस आर्य अन्तरगत पहिलो नम्बरमा रहेका जीवन विष्टले समानुपातिक सूचीबाट नाम फिर्ता लिएको बताएका थिए ।

समानुपातिक तर्फबाट सांसद छान्न समस्या भएपछि नव निर्वाचित प्रतिनिधिसभा सदस्य तथा पार्टीका अध्यक्ष साम्पाङले सामाजिक सञ्जालमा लेखेका थिए 'भात खाऊ । मेरो टाउको नखाऊ ।'

उनले समानुपातिक विषयमा रोइलो गर्ने जति सबैलाई साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गर्ने समेत बताएका थिए । पार्टीले समानुपातिकतर्फ ४ सिट पाउँदा समानुपातिकमा अन्तिमतर्फ सिफारिस भएकाहरूले समेत आफूलाई सांसदको रूपमा सिफारिस गर्न माग राख्दै सामाजिक सञ्जालमा लेखेका थिए ।

प्रतिनिधिसभा निर्वाचनमा श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ तीन सिट जितेको छ । सो पार्टीले खोटाङ भोजपुर र सुनसरी १ मा प्रत्यक्षतर्फ विजय हासिल गरेको हो । समानुपातिकमा पनि पार्टीले थ्रेसहोल्ड कटाएर राष्ट्रिय दलको हैसियत बनाएको छ ।

**पहिरोबाट...**

पालिकाले वडा नं. ४ को बौरीडाँडाको यो कार्य त सुरुवात गरेको र आगामी दिनमा अन्य वडामा आवासविहीनहरुलाई सुरक्षित घरवासमा जोड्ने अध्यक्ष श्रेष्ठले बताए ।

वडा नं. ४ का ६ घरपरिवारमा सुरक्षित आवास हस्तान्तरणमा सहभागी पालिका उपाध्यक्ष लालबहादुर दर्लामीले यस वर्ष पनि थप ३ अति विपन्न परिवारको आवास निर्माणका लागि सिफारिस भइसकेको बताए । पालिकामा कोही पनि घरबासविहीन भएर बस्न नपरोस् भनी संघ, प्रदेश र पालिकाको लागत साझेदारीमा सुरक्षित आवास कार्यक्रम लागु गरेको उपाध्यक्ष थापाले बताए ।

स्थानीय सरकारले स्थानीयस्तरको समस्याको पहिचान गरी समाधान गर्न सहजीकरण गर्ने, प्रदेश र संघीय सरकारले स्थानीय सरकारसँग हातेमाले गरी सहकार्य गरेर काम गरेमा संघीयताको प्रभावकारिता जनता माझ पुगेको महशुस हुनेछ ।

विपद्को समयमा सरकारी संयन्त्रहरूबिच कसरी प्रभावकारी समन्वय हुन सक्छ भन्ने उदाहरण बौरीडाँडाले प्रस्तुत गरेको छ । तीन तहका सरकार र नागरिकको सहकार्यले विपद् व्यवस्थापनमा कसरी सफलता पाउन सकिन्छ भन्ने यो एउटा अनुकरणीय नमूना बनेको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२




**न्यायका लागि प्रदर्शनः**
बलात्कारपछि हत्या गरिएकी सुर्खेतकी इनिशा विकलाई न्याय माग गर्दै शनिबार तनहुँको दमौलीमा प्रदर्शन गरिँदै । तस्विरः कृष्ण न्यौपाने/रासस

# वालिङमा ओमकार इभेन्ट हब फष्ट एक्स्पो हुने



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको वालिङमा नयाँ वर्षको अवसरमा ओमकार इभेन्ट हब फष्ट एक्स्पो हुने भएको छ। ओमकार इभेन्ट हब नामक संस्था वालिङको आयोजनामा आउँदो चैत्र २६ गतेदेखि बैशाख २ गतेसम्म वालिङ खेलमैदानमा ७ दिने एक्स्पो हुने भएको हो ।

विषेश गरी नयाँ वर्ष २०८३ लाई लक्षित गर्दै आयोजना गरिएको एक्स्पोले आन्तरिक पर्यटनको प्रवर्द्धन गर्दै स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुको उजागर गर्ने अपेक्षा गरिएको छ । एक्स्पोका संयोजक विजय मल्लले नेपाली नयाँ वर्षलाई एउटा उत्सवको रुपमा मनाउने परम्पराको विकास गर्न आवश्यक रहेको भन्दै ओमकार इभेन्ट हबले सुरुवात गरेको जनाए ।

नेपाली नयाँ वर्षलाई पनि धुमधामका साथ मनाउने परम्पराको विकास गर्दै आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न एक्स्पोले सहयोग पुग्ने विश्वास गरिएको छ। लागुऔषध नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम समेत एक्स्पोमा हुनेछ। मौलिक खाना, स्थानीय उत्पादनको प्रोत्सहानसँगै विभिन्न प्रतियोगितात्मक कार्यक्रम समावेश गरिएको एक्स्पोमा ख्यातिप्राप्त व्याण्डहरुको लाइभ कर्न्सट समेत हुने संयोजक मल्लले जानकारी दिए ।

एक्स्पोमा स्थानीयस्तरमा उत्पादित कृषि तथा ताजा तरकारी, फलफूल प्रर्दशनी, अदुवा, कफीको प्रदर्शनी, सूचना प्रविधिक तथा शैक्षिक सामग्री प्रदर्शनी, खेल प्रतियोगिता, बाल उद्यान, अटोमोबाइल्स, पर्यटन मेला, हस्तकला प्रदर्शनी, टिकटक प्रतियोगिता, हरेक दिन विषेश सांगितिक कार्यक्रमसहित औद्योगिक व्यापार मेला हुने आयोजक इभेन्टले जनाएको छ ।

७३ लाख खर्च हुने एक्स्पोमा खर्च कटाएर बचत रकमले वालिङ खेलमैदान मर्मत तथा राष्ट्रिय महिला लिग प्रतियोगितामा सहभागिताका लागि वालिङ नगरपालिकालाई सहयोग गर्ने इभेन्टका प्रबन्धक नवराज पौडेलले बताए। एक्स्पोमा प्रवेश शुल्क १०० विद्यार्थीका लागि, ७० र बेलुका हुने कर्न्सटको लागि ३०० शुल्क निर्धारण गरिएको छ ।

पर्यटनको प्रचुर सम्भावना भएको स्याङ्जासँगै जिल्लाको मध्य भागको व्यापारिक केन्द्र वालिङको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन यसअघि विविध कार्यक्रमहरु गर्दै आइरहेको भन्दै नयाँ वर्षको एक्स्पोले पनि सकरात्मक सन्देश प्रवाह गर्ने आयोजकको लक्ष्य छ। एक्स्पो हुने भनेसँगै स्थानीय व्यावसायीहरु उत्साहित भएका छन् ।

# माटोको ढिस्कोले पुरिएर महिलाको मृत्यु



रोल्पा । रोल्पामा घर पोत्ने माटो खन्ने क्रममा ढिस्कोले पूरिएर एक महिलाको ज्यान गएको छ, भने तीन जना घाइते भएका छन् । रुन्टीगढी गाउँपालिका-७ खाक्सीवनकी ४९ वर्षीया निर्मला बुढाथोकीको ज्यान गएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ ।

गहिरो र सुरुङजस्तो खाल्डोमा माटो खन्दैगर्दा ढिस्को खसेर निर्मला पूरिएकी थिइन् ।

सो कुरा साढे १२ बजे प्रहरीलाई जानकारी भएको थियो । त्यसपछि इलाका प्रहरी कार्यालय होलेरीबाट ७ जनाको प्रहरी टोली घटनास्थल पुगेर उद्धार गर्न खोज्दा निर्मलाको ज्यान गइसकेको प्रहरीले जनाएको छ ।

मृतकको शव पोस्टमार्टमका लागि रेउघा अस्पताल लगिएको छ ।

यस्तै २८ वर्षीय एलिना पुन, ३८ वर्षीया शान्ति पुन र ४९ वर्षीया पार्वती पुन घाइते भएका छन् । उनीहरूको निधार, ढाड र कम्मरमा चोट छ । घाइते तीनैजनाको होलेरीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ ।

मोतीखन्ने डाँडामा ७ जना माटो खन्न गएका थिए । तीनजना भने सकुशल छन् ।

# चुनावको गम्भीर समीक्षा हुन्छ : मुख्यमन्त्री

बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रतिनिधिसभा निर्वाचनको गम्भीर समीक्षा गरेर दृढतापूर्वक जनताको पक्षमा उभिनु नै अहिलेको आवश्यकता भएको बताएका छन् । शनिबार नेकपा एमाले अर्घाखाँची-रूपन्देही सम्पर्क मञ्चको बुटवलमा आयोजना गरेको बैठकमा बोल्दै एमाले केन्द्रीय सदस्य समेत रहेका आचार्यले यस्तो बताएका हुन् ।

उनले संगठन परिचालन, निरन्तर समीक्षा र मूल्याङ्कन गरी जनताको पक्षमा उभिनुको विकल्प नभएको पनि बताए ।

जनतामा विकास र समृद्धिको आकांक्षा रहेको उल्लेख गर्दै त्यो पूरा गर्नसक्ने सामर्थ्य एमाले नेतृत्वसँग मात्रै रहेको बताए । 'एमाले नेतृत्वमा भएको सरकारले गरेका महत्त्वपूर्ण कामबारे बुझाउन नै सकेनौं । त्यो अझैं पनि बुझाउनुपर्ने आवश्यकता छ ।'- उनले भने ।

# ओलीलाई दोषी देखाए द्वन्द्व : बस्नेत



बुटवल । नेकपा एमालेका सचिव महेश बस्नेतले भदौ २३ र २४ गतेको घटनाका छानबिन आयोगले अध्यक्ष केपी ओलीलाई दोषी देखाउने कुनै आधार नभएको बताएका छन् ।

सचिवालय बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै कार्की आयोगले दोषी देखाएको रहेछ भने पनि अस्वीकार गर्ने बताए ।

उनले भने-'हाम्रो अध्यक्षलाई दोषी देखाउने कुरा एक, दुई, तीन कहींबाट पनि त्यो सम्भव छैन, कुनै आधार पनि छैन । देखाएको छ भने त्यो एकदम गम्भीर पूर्वाग्रह राखेर यो आयोगले रिपोर्ट प्रस्तुत गऱ्यो भन्ने लाग्छ ।'

अध्यक्ष ओलीलाई दोषी देखाएको रहेछ भने के गर्नुहुन्छ ? भन्ने जिज्ञासामा उनले थपे-'मुलुक द्वन्द्वमा जान्छ। अब कुन द्वन्द्वमा जान्छ, जनताले प्रतिवाद गर्छन् ।'

उनले सरकारले गलत खालको गतिविधि गर्न खोजे एमाले चुप लागेर नबस्ने बताए। उनले भने-'दुई तिहाइको नेतृत्व गर्न खोजेका साथीहरूको चाहिँ नि पहिलो गाँसमै ढुङ्गा पर्छ र हलुवामा बालुवा, कबाबमा हड्डी भन्ने उखान छ नि, त्यो दिशातर्फ नजाँदै राम्रो होला ।'

# क्यान्सर उपचारमा अनुभव आदानप्रदान



राँझा। क्यान्सर रोग उपचारका नवीन प्रविधिबारे नेपालगञ्जमा नेपाल र भारतका चिकित्सकबिच अनुभव आदान-प्रदान गरिएको छ।

भारतको लखनउस्थित म्याक्स सुपर स्पेसियालिटी हस्पिटलले नेपाल मेडिकल एसोसिएसन (एनएमए) भेरी च्याप्टरको सहकार्यमा नेपालगञ्जमा क्यान्सर उपचारसम्बन्धी नवीन प्रविधि र अनुभव आदान-प्रदान शैक्षिक कार्यक्रम आयोजना गरेको हो ।

'रिसेन्ट अपडेट्स इन अन्कोलोजी' शीर्षकको कन्टिन्युइङ मेडिकल एजुकेशन (सीएमई) कार्यक्रम शुक्रबार सम्पन्न भएको हो । कार्यक्रममा क्यान्सर रोगको पहिचान, शल्यक्रिया तथा आधुनिक उपचार विधिमा भएका पछिल्ला प्रगतिबारे विशेषज्ञहरूले प्रस्तुति दिएका थिए । कार्यक्रममा म्याक्स सुपर स्पेसियालिटी अस्पताल, लखनउका न्यूक्लियर मेडिसिन निर्देशक डा.शाश्वत वर्माले 'पेट-सिटीस् ए प्रिसिजन टुल इन पेसेन्ट केयर' विषयमा प्रस्तुति दिँदै अत्याधुनिक इमेजिङ प्रविधिले क्यान्सरको प्रारम्भिक पहिचान र सही चरण निर्धारणमा महत्वपूर्ण भूमिका खेलेको बताए ।

सोही अस्पतालका युरोलोजी, किड्नी ट्रान्सप्लान्ट तथा रोबोटिक युरो अन्कोलोजी निर्देशक डा. राहुल यादवले 'रोबोटिक्स इन युरोलोजी एन्ड युरोअन्कोलोजीस् आवर एक्सपेरियन्स' विषयमा प्रस्तुति दिँदै जटिल युरोलोजिकल क्यान्सरका बिरामीमा रोबोटिक सहायताबाट गरिने शल्यक्रियाले उपचारलाई अझ सुरक्षित र प्रभावकारी बनाएको जनाए ।

कार्यक्रमको अर्को सत्रमा म्याक्स सुपर स्पेसियालिटी हस्पिटलका प्रिन्सिपल कन्सल्टेन्ट तथा सर्जिकल अन्कोलोजी एवं रोबोटिक सर्जरी विशेषज्ञ डा. शशाङ्क चौधरीले 'रोल अफ रोबोटिक सर्जरी इन क्यान्सर ट्रिटमेन्ट' विषयमा बोल्दै न्यून चिरफार (मिनिमली इनभेसिभ) प्रविधिबाट गरिने शल्यक्रियाले बिरामीलाई छिटो निको हुन सहयोग गर्ने जानकारी दिए ।

कार्यक्रममा बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालका क्लिनिकल अन्कोलोजी विभाग प्रमुख डा.मुकेश यादवले 'रोल अफ रेडियोथेरापी इन क्यान्सर केयर' विषयमा प्रस्तुति दिँदै विभिन्न प्रकारका क्यान्सरको उपचारमा आधुनिक विकिरण उपचार (रेडियोथेरापी)को महत्वबारे चर्चा गरे । लखनउ नेपालगञ्ज आसपासबाट करिब साढे दुई घण्टाको दूरीमा रहेको उल्लेख गर्दै पश्चिम नेपालका बिरामीका लागि त्यहाँ उपचार लिन सहज हुने चिकित्सकको भनाइ थियो । म्याक्स सुपर स्पेसियालिटी हस्पिटल लखनउले एउटै छानामुनि समग्र क्यान्सर उपचार सेवा उपलब्ध गराउँदै आएको जानकारी दिइएको छ। अस्पतालमा सर्जिकल अन्कोलोजी, किमोथेरापी, इम्युनोथेरापी, टार्गेटेड थेरापी तथा अत्याधुनिक रेडिएसन थेरापी सेवा उपलब्ध छन् ।

अस्पतालमा जटिल क्यान्सर शल्यक्रियाका लागि डा. भिन्ची रोबोटिक सर्जिकल सिस्टम, क्यान्सरको सटिक पहिचान र स्टेजिङका लागि बायोग्राफ ट्रिनियन डिजिटल पेट सिटी प्रणाली, तथा हाइपरआर्क प्रविधिसहितको इडीजीई रेडिएसन थेरापी प्लेटफर्मजस्ता आधुनिक प्रविधि प्रयोगमा रहेको जनाइएको छ।

# दादुरा प्रभावित ढोरपाटनमा चार हजार ६१७ जनालाई खोप लगाइयो



बागलुङ । बागलुङको ढोरपाटन नगरपालिकामा फैलिएको दादुरा नियन्त्रणका खोप लगाइएको छ । नगरका नौवटै वडामा एकसाथ शुक्रबार चार हजार ६१७ बालबालिका र किशोरकिशोरीलाई खोप लगाइएको छ ।

आवश्यक खोप र जनशक्ति दादुरा प्रभावित क्षेत्रका विद्यालय र स्वास्थ्य संस्थामा पुगेर शुक्रबार खोप लगाइएको हो । ढोरपाटनको विकट गाउँमा महामारीको रूपमा फैलिएको दादुरा प्रकोप नियन्त्रणका लागि ढोरपाटन नगरपालिका भरका छ हजार ७६३ बालबालिका र किशोरकिशोरीलाई खोप लगाउने लक्ष्यअनुसार पहिलो दिन नै चार हजार ६१७ जनालाई खोप लगाइएको छ। छुटेका बालबालिका र किशोरकिशोरीलाई पुनः विद्यालय र विद्यालय नजानेलाई घरमा र स्वास्थ्य संस्थामा पुगेर खोप लगाइने छ।

बागलुङको ढोरपाटन नगरपालिका वडा नम्बर ७, ८ र ९ को बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँमा दादुरा रोगका शङ्कास्पद ७४ जना बिरामी फेला परेका थिए। जसमध्ये ३२ जना भर्ना भएर उपचार भइसकेको छ। सात जना बालबालिका अझै उपचाररत रहेका छन् ।

दादुरा नियन्त्रणका लागि ढोरपाटन नगरपालिका-८ बोबाङ स्वास्थ्यचौकीमा आइसोलेसन तयार गरेर उपचार समेत भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिए । तत्काललाई दादुरा नियन्त्रण गरी थप फैलन नदिनका लागि नगरपालिकाका सबै वडाका १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीलाई दादुराको खोप प्रदान गरिएको हो । यस्तै उपचारमा संलग्न रहेका २३७ स्वास्थ्यकर्मीलाई समेत दादुराविरुद्धको खोप लगाइने छ।

खोप अभियान चैत १ गतेसम्म सञ्चालन गरिने छ । जसका लागि अपुग स्वास्थ्यकर्मी छिमेकी गाउँपालिका बडिगाड र निसीखोलाबाट समेत झिकाइएको छ।

अभियानमा महिला स्वास्थ्य स्वयंसेविकाले समेत सघाएका थिए। फागुन ८ गते ढोरपाटनमा एक जनालाई दादुरा सङ्क्रमण भएको पुष्टि भएको थियो। त्यसयता थप पाँच जनामा सङ्क्रमण पुष्टि भए पनि अन्यलाई लक्ष्यण देखिएकाले नियन्त्रणका लागि खोप लगाइएको हो ।

दादुरा सङ्क्रमण नियन्त्रणका लागि खोप नै सबैभन्दा उत्तम उपाय भन्दै ढोरपाटनका १० देखि १९ वर्ष उमेर समूहका सबैलाई खोप लगाइने छ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com